# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या १०**

## भाग १

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेऱ्हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**सम्वत् २०८० सालको कार्यविधि**

# भक्तपुर नगरपालिका, सुधारिएको शवदाह गृह संचालन कार्यविधि, २०७९

प्रस्तावना:
भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी वा अस्थायी बसोबास गर्ने र देशभरिका नागरिकहरू स्वभाविक कालगतिले मृत्यु हुँदा वा अन्य विभिन्न कारणले मृत्यु हुँदा शवहरूको उचित व्यवस्थापन गर्नको लागि, वातावरणलाई स्वच्छ र स्वस्थ्य राख्ने प्रयोजनले भक्तपुर नगरपालिकाले सुधारिएको शवदाह गृह संचालनमा ल्याएको हुँदा यसलाई नियमित र व्यवस्थित गर्न कार्यविधि बनाउन बाञ्छित भएकोले भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभाबाट पारित गरि यो कार्यविधि लागु गरिएको छ।

१. संक्षिप्त नाम र परिभाषा :

१.१. संक्षिप्त नाम: यो कार्यविधिको नाम "भक्तपुर नगरपालिका, सुधारिएको शवदाह गृह संचालन कार्यविधि, २०७९" रहनेछ।

१.२."शव" भन्नाले भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी वा अस्थायी बसोबास गर्ने र देश भरिका नागरिकहरू स्वभाविक कालगतिले मृत्यु हुँदा वा अन्य विभिन्न कारणले मृत्यु भई ल्याइएका मानिसको मृत्यु भएको शरीरलाई सम्झनु पर्दछ।

१.३ "शवदाह गृह" भन्नाले भक्तपुर नगरपालिकाले भनपा वडा नं. ७ हनुमान घाटमा निर्माण गरिएको सुधारिएको शवदाह गृहलाई सम्झनु पर्छ। यस शब्दले भविष्यमा नगरका अन्य स्थानहरुमा निर्माण हुने शवदाह गृहलाई पनि बुझाउने छ।

१.४. "वडा कार्यालय" भन्नाले भक्तपुर नगरपालिका अन्तर्गतको वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ।

१.५. “गुठी” भन्नाले सामाजिक परंम्पराअनुसार विभिन्न उद्देश्यले संचालनमा रहेको मानिसहरूको समुहलाई सम्झनु पर्दछ ।

१.६. “परिवार” भन्नाले मृतकको एकाघरमा बस्ने र एउटै भान्छा र छत मुनि बसेको परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

**२. सुधारिएको शवदाह गृहमा शव जलाउने सम्बन्धी व्यवस्था :**

२.१. भक्तपुर नगरपालिकाको सुधारिएको शवदाह गृहमा शवदाह गर्नका लागि आउने व्यक्ति, परिवार वा गुठीयारले ल्याउने शवको दर्ता गर्नुपर्ने पर्दछ ।

२.२ सुधारिएको शवदाह गृहमा शवदाह गर्नका लागि आउने व्यक्ति, परिवार वा गुठीयारले ल्याउने शवको अनुसूची १ बमोजिमको विवरण भरि दर्ता गर्नु पर्नेछ ।

२.३. शवदाहका लागि नाम दर्ता गर्दा परिवार वा गुठीयारबाट प्रति शवको रु: १,०००।– अक्षरेपी एक हजार रुपैयां शुल्क तिर्नु पर्ने छ ।

२.४. शवदाह गर्न आवश्यक दाउरा र अन्य सामान मृतक परिवार/गुठियारबाट ल्याउनु पर्नेछ ।

२.५. शव जलाउन्दा मृतक परिवार/गुठियार वा अन्य सम्वन्धित व्यक्तिहरु अन्तिम समय सम्म वस्नु पर्ने छ ।

२.६. शव जलाउँदा भक्तपुर नगरपालिकाले शुरुमा आगो बाल्न प्रयोग हुने ग्याँस मात्र उपलब्ध गराउने छ ।

२.७. शव जलाउँदा त्यहाँ खतिने कर्मचारीको स्वीकृति वा सहयोगमा चिता मेसिनमा राख्ने छ ।

२.८. शव जलिरहन्दा दाउरा थप्ने र अन्य काम गुठियार वा परिवारका सहयोगीले सम्पुर्ण कार्य गर्नुपर्ने छ ।

२.९. कर्मचारीले सहयोगी भूमिका मात्र निभाउने छ । साथै चिता मेसिनको काम पुर्ण रुपमा कर्मचारीले गर्ने छ ।

२.१०. शव जलाउन ल्याउने क्रम अनुसार जो अगाडी पुग्छ त्यहीको चित्ता क्रमश: शवदाह गरिनेछ ।

२.११. शव जलाउने कार्य आ-आफ्नै संस्कार अनुसार मात्र हुनेछ ।

२.१२. शव जलाउने कार्य विहान ५:०० वजे देखि बेलुका ७ बजे सम्म क्रिया स्थल सम्म पुगेका शबमात्र जलाउने छ । तर अति आवश्यक भएका शव सम्वन्धित वडाका वडा अध्यक्षको सिफारिसमा लास जलाउन सक्ने छ ।

२.१३. सुधारिएको शवदाहगृहमा जलाउन इच्छाएको शवमात्र जलाइने छ ।

२.१४. शवदाह परिसर भित्र अतिआवश्यक व्यक्तिहरु बढीमा ७ जना मात्र प्रवेश गर्न पाउने छ । जलाउने समयमा पालो फेर्न सकिनेछ ।

२.१५. अस्तु वगाउने कार्य स्वयम परिवार वा गुठीयारले गर्नुपर्ने छ ।

२.१६. शवदाह गृह चिता प्राविधिक समस्या आई विग्रेमा सव जलाउन बाध्य हुने छैन ।

२.१७. शव जलाई सकेपछि अनावश्यक वस्तुहरुको नष्ट आफैले गर्नुपर्ने र परिसर सफाई गर्ने सवैको दायित्व हुनेछ ।

२.१८. गुठीयार तथा परिवारको सामान हराएमा भनपा जिम्मेवारी हुने छैन । आफनो सामान आफैले सुरक्षा गर्नुपर्ने छ ।

२.१९. अस्पतालमा मृत्यु भएको भए मृत्यु प्रमाण पत्रको फोटो कपि पेश गर्नुपर्ने छ ।

**३. व्यवस्थापन समिति सम्वन्धि व्यवस्था :**

३.१. सुधारिएको शवदाह गृह उचित मर्मत सम्भार, रेखदेख र व्यवस्थापन गर्न एक सुधारिएको शवदाह गृह व्यवस्थापन समिति गठन गरिने छ ।

३.२. सुधारिएको शवदाह गृह व्यवस्थापन समितिमा निम्न पदाधिकारीहरु रहनेछ ।

क. सम्बन्धित वडाका वडाध्यक्ष - संयोजक

ख. सम्बन्धित वडाका महिला वडा सदस्य - सदस्य

ग. उपभोक्ता समितिका प्रतिनिधि - सदस्य

घ. हनुमानघाट सेवा समितिका प्रतिनिधि - सदस्य

ङ. शवदाह गृहमा कार्यरत कर्मचारी - सदस्य

**४. व्यवस्थापन समिति काम, कर्तव्य र अधिकार :**

क. शवदाह गृहको आवश्यक मर्मत सम्भार गर्ने

ख. शवदाह गृहको आवश्यक हेरचाह गर्ने

ग. शवदाह गृहको संचालन गर्न आवश्यक कर्मचारीलाई निर्देशन दिने

घ. शवदाह गृहको व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गर्न विभिन्न निकायबीच समन्वय गर्ने

ङ. शवदाह गृहको व्यवस्थापन गर्नको लागि आवश्यक नीति निर्माण गर्न परामर्श दिने ।

**५. विविध** : यस कार्यविधिमा आवश्यकताअनुसार भक्तपुर नगरपालिका नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची १

मृतकको विवरण

नाम :

ठेगाना :

उमेर :

लिङ्ग :

मृतकको परिवारको मुलीको नाम :

मृतकको परिवारको मुलीको ठेगाना :

मृतकको परिवारको मुलीको सर्म्पक नं. :

मृत्युको कारण :

क. कालगतिले

ख. दुर्घटनाः– १. सडक, २. प्लेन ३. आत्महत्या/आत्मदह र अन्य

ग. विरामीः– १.रोग, २. क्यान्सर, ३. मुटुरोग, ४.मिगौला रोग, ५.अन्य रोग

मृत्यु भएको ठाउँ :

मृत्यु भएको समय :

अन्य :

संलग्न कागजातहरु :

१. परिवारका मुलीको नागरिकताको फोटोकपी

२. मृतकको अस्पतालको मृत्यु प्रमाणपत्र

**आज्ञाले**

**(राम गोविन्द श्रेष्ठ)**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।१८ गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**